# विपश्यना

साधकहरूका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४०    श्रावण २०५३    वर्ष १२ अ° ४


## धम्मवाणी

**अल्ल चम्म पटिच्छन्नो नवद्वारो महावणो ।**
**सम्मन्ततो पग्घरति असुचि पूतिगन्धिगो ॥**
*विसुद्धिमग्ग, असुभकम्हान*

**नरम छालाले ढाकिएको नौ वटा द्वार भएको यो शरीरमा सडे-गलेको दुर्गन्धमय फोहरले भरिएको छ ।**

## अशुभ शरीरलाई हेर

भारतवर्षको प्राचीन जनभाषाको एक समृद्ध साहित्य करिब २३०० वर्ष पहिले छिमेकी देशमा गयो र त्यहाँ गुरु शिष्य परम्पराबाट लिखित एवं मौखिक रुपमा पुस्तौं पुस्तासम्म सुरक्षित रह्यो । यद्धपि भारतमा विलुप्त भइसकेको थियो । उक्त साहित्यमा बिम्बिसारको पुत्र अभय राजकुमारको जीवनीको साथ साथै अभयमाताको चरित्रको बारेमा पनि केही उल्लेख गरिएको पाइन्छ । उनको युवावस्थाको जीवन जतिको घृणित थियो, अन्धकारमय थियो, अध्यात्मको उच्चतम अवस्था प्राप्त गरेपछि बृद्ध अवस्थामा त्यति नै उज्वल भयो, वन्दनीय भयो । साधक-साधिकाहरूको लागि प्रेरणाको श्रोत बन्न पुग्यो ।

जसरी आजको युगमा देश विदेशमा युवतीहरूको सौन्दर्य प्रतियोगिता हुन्छ र सर्वश्रेष्ठ सुन्दरीलाई ब्यूटी क्वीन (Beauty Queen) पदबाट विभूषित गरिन्छ, त्यसरी नै २६०० वर्ष पहिले भारतमा पनि जनपद-जनपदमा यस्तो प्रतियोगिता हुने गर्दथ्यो । जो युवती केवल रूप सौन्दर्यमा मात्र नभई नृत्य, वाद्य, संगीत आदि ललितकलाहरूमा पनि सर्वश्रेष्ठ हुन्थ्यो, उसलाई जनपदकल्याणीको उपाधिले विभूषित गर्दथ्यो । ती साहित्यमा केवल एउटा मात्र यस्तो प्रसंग भेटिन्छ जसमा कुनै एक जनपदकल्याणी कुनै राजकुमारसंग विवाहित पत्नी बन्न कबुल गऱ्यो तर तिनको पनि विवाह भएन किनभने राजकुमार गृहत्यागी भिक्षु बने । अन्यथा तात्कालीन सामाजिक प्रथा अनुसार जनपदकल्याणी उपाधि पाइसकेपछि उ कुनै एक घरको दुलही बन्नुको बदला, नगरदुलही बनेर नगरशोभिनी बन्दथ्यो । र आफ्नो रूप सम्पत्ति र ललितकलाको बिक्री-ब्यवसाय गरेर जीवन यापन गर्दथ्यो । यस्ता अनेकौं जनपदकल्याणीहरूको वर्णन पुरानो साहित्यमा पाइन्छ । पद्मावती अवन्ती जनपदको राजधानी उज्जैन नगरको यस्तै एक नगर-शोभिनी थिइन् । जस्को रूप सौन्दर्य र कला माधुरी टाढा-टाढासम्म फैलिएको थियो ।

त्यस समयमा मगध नरेश बिम्बिसार जवान अवस्थामा थियो । उन्मत्त कामवासनाको गुलाम थियो । पद्मावतीको रूप सौन्दर्यको वर्णन सुनेर उनलाई पाउन अधीर हुन पुग्यो । त्यति टाढासम्म गुप्त यात्रा गर्न कठीन थियो । यस्तो कामको लागि एकजना राजपुरोहित सिपालु थिए, उनैको सहयोगले बिम्बिसार उज्जैन नगर पुग्न सफल भयो । बिम्बिसारले एक रात पद्मावतीसंग विताए । फर्किने समयमा बिम्बिसारले आफ्नो परिचय दिंदै भन्यो, “यदि गर्भ रह्यो र पुत्र जन्म्यो भने शिशु अवस्थामा पालन पोषण गरी राजगिरि पठाइदिनु ।” राजचिन्हको रूपमा बिम्बिसारले आफ्नो राज्यको नाउँ अंकित मुद्रा भएको एउटा औंठी दिएको थियो ।

दश महिना पछि अभयको जन्म भयो । पद्मावतीले शिशु अभयलाई लालन पालन गरी सात वर्षको उमेरमा राजगिरि पठाइदिइन्, जहाँ बिम्बिसारले उसलाई स्नेह पूर्वक राजश्वी सुख सुविधामा हुर्कायो ।

अभयमाताले राजआज्ञालाई पालन गरेको मात्र नभई आफ्नो छोराको उज्वल भविष्यको संभावनालाई ध्यानमा राखी उसलाई राजगृहको राजमहलमा पठाएकी थिइन् । तर आमा त आमा नै हुन् । अत: उनले कुनै न कुनै माध्यम मार्फत आफ्नो छोराको सुख दु:खको जानकारी प्राप्त गरिरहेकी होलिन् भन्ने अनुमान गर्न सकिन्छ । उनलाई आफ्नो छोराको पालन-पोषण राजकुमार सरह भइरहेको जानकारी प्राप्त थियो । कुमार अभय अब वयस्क भइसकेको थियो । युवा भइसकेको थियो । सैन्य सञ्चालन विद्या सिकिरहेको थियो । राजकुमारको निमित्त आवश्यक सम्पूर्ण विद्याहरूमा पनि निपूण भइसकेको थियो । पितालाई आफ्नो छोराको योग्यतामाथि ठूलो गर्व थियो । उसलाई त्यस समयमा सिमान्त प्रदेशमा भइरहेको आन्दोलन दमन गर्न पठाएको थियो, त्यहाँबाट π विजयी र यसश्वी भएर फर्क्यो । यसबाट प्रसन्न भएर महाराजले उसलाई सात दिनको लागि राज सिंहासन सुम्पिदियो । यो समाचार सुनेर पद्मावती एकदम हर्षित भईन् । उनको छोरा चाहे सात दिनको लागि मात्र किन नहोस्, विशाल मगध साम्राज्यको शासक बनेको थियो । उनी आकाशमार्गबाट उडेर राजगिरि आउन चाहन्थिन् र आफ्नो पुत्रलाई अंगालोमा हाल्न चाहन्थिन् तर अभय गणिकापुत्र भनी थाहापाएमा उसमाथिको प्रतिष्ठामा आँच आउला भन्ने उनलाई डर थियो । अत: टाढा बसेर



Downloaded from http://www.dhamma.digital

छोराको मङ्गल कामना गर्दै रहिन् । एकदिन, राजकुमार अजातसत्रुले महाराज बिम्बिसारलाई बन्दी बनाई राज्य सत्ता हातमा लियो, केही दिन पछि अजातसत्रुले महाराजको हत्या गऱ्यो, यस्तो घृणित कार्य देखेर अभयले शिर मुण्डन गरी गृहत्याग गऱ्यो र विरक्त भएर भगवान बुद्धको संघमा सम्मिलित भयो भन्ने खवर आयो । यस्तो सूचनाले अभयमाताको सुन्दर सपना छिन्नभिन्न हुन पुग्यो ।

व्याकुल अभयमाता अब आफ्नो पुत्रसंग भेट्ने प्रवल इच्छाले अधीर हुनपुगिन् । उज्जैन नगरदेखि मगधको राजधानी राजगिरिसम्म आइपुगिन । भिक्षु अभयले उसलाई सान्त्वना दियो, धैर्य धारण गर्न लगाई धर्मको महानता सम्झायो । उनलाई भगवानको शरणमा लग्यो, जसबाट धर्म संवेग जाग्यो । उनी प्रवजित भई भिक्षुणी संघमा सम्मिलित भइन् । त्यहाँ विपश्यना सिकिई त्यसको अभ्यास गर्न थाल्यो तर जीवन भर सञ्चय गरेको काम भोगको संस्कारले उसलाई अगाडि बढ्न दिएन । शरीरमा अनित्यवोधको संवेदना जगाएर विकार विमुक्त हुन त परै जाओस्, एक क्षणको लागि पनि चित्त एकाग्र गर्न उसलाई कठीन भैरहेको थियो । त्यस समयसम्ममा भिक्षु अभय अर्हत भैसकेको थियो । उसले जब आफ्नो आमामाथि वाधा आइरहेको देखे तब आमासंग भेटचो र उद्बोधन युक्त शब्दहरूले केवल धर्म संवेग मात्र जगाएन, वल्की साधनाको लागि एक नयाँ कर्मस्थान दियो, नयाँ विद्या सिकायो । उसले यो थाहापाइसकेको थियो कि आमाको अधिकांश जीवन आफ्नो भौतिक रूपलाई सजाएर मानिसहरूमा काम-वासना पैदा गर्ने घृणित कार्यमै बितेको थियो । यसै कारण शरीर प्रति उसको गहिरो आसक्ति थियो । अत: अन्तर्मुखी भएर संवेदनाको स्तरमा अनित्यवोध जगाउन सकिरहेको थिएन । उनमा सवैभन्दा पहिला आफ्नो शरीरमा असुभ भाव जगाउनु आवश्यक थियो । यसैकारण शरीरको असुची अर्थात असुभको मनसिकार, दुर्गन्धको चिन्तन गर्ने प्रारम्भिक विद्या सिकाइयो ।

पुत्र-आचार्यको धर्मवाणी सुनेर माता-शिष्या अत्यन्त प्रभावित भइन् । जसरी सिकाइयो त्यसरी नै चिन्तन शुरु गर्न थालिन् । साँच्चै नै छालाले ढाकेको यो शरीर भित्र हाड, मासु, बोसो, रगत, पीप, थुक, कफ मलमुत्र आदि फोहरै फोहरले भरिएको छ । त्यस वाहेक अरू छ नै के र ? यस प्रकार चिन्तन गर्दा गर्दै शरीर प्रतिको आसक्ति हटेर गयो । बुद्धिको स्तरमा नै आसक्ति हटेको किन नहोस्, यसबाट आफै शारीरिक संवेदना जन्य अनुभूति जागृत भयो, अनित्यवोध पुष्ट भयो । विस्तार विस्तारै अभ्यास गर्दा गर्दै अनित्य स्वभावको शरीर र चित्तको समस्त प्रपंच प्रति उसको निर्वेद पुष्ट भयो । राग र द्वेषको, जन्म जन्मान्तरको वन्धन टुट्यो । विपश्यनाको अभ्यासद्वारा मुक्तिको बाटोतर्फ दृढ पूर्वक लागेकी भिक्षुणी अनित्य, नश्वर र भंगुरलाई नाघेर नित्य, शास्वत, ध्रुव तर्फ अगाडि लम्कदै गइन् । शीघ्र नै स्रोतापन्न आदि मार्गफलहरूलाई पार गर्दै नितान्त वीतराग अर्हत अवस्थालाई साक्षात्कार गरी धन्य बनिन् ।

भव वन्धनबाट सधैंको लागि विमुक्ति प्राप्त गरेर अन्य अर्हत सन्तहरू सरह उसको मुखबाट पनि हर्षको उद्गार प्रकट भयो । सर्वप्रथम आफ्नो पुत्र आचार्य अभय प्रति असीम कृतज्ञताको भाव प्रकट भयो । उनबाट साधना सम्वन्धी जुन विद्या प्राप्त भएको थियो त्यही वोल दोहोऱ्यायो-

**उद्धं पादतला अम्व ! अधो वे केसमत्थका ।**
**पच्चवेक्खस्सु' मं कायं असुचि पूतिगन्धिकं ॥**

हे आमा, पैतला मुनिभन्दा माथि र टाउकोको केशभन्दा मुनि यो असुची र दुर्गन्धले भरेको शरीरको प्रत्यवेक्षण गर ।

उदवोधनका यी शब्दहरूलाई दोहोऱ्याएर उसले आफ्नो उदानका यी शब्द प्रकट गरिन्-

**एवं विरहमानाय सब्बो रागो समूहतो ।**
**परिलाहो समुच्छिन्नो सीतिभूताम्हि निब्बुता ॥**

उसको आदेशको अनुसरण गरी मैले आफ्नो सम्पूर्ण राग जरासम्म उखेलेर फ्याँकेको छुँ । काम-वासनाको सम्पूर्ण जलन नष्ट गरी अब म शीतीभूत छुँ, शान्त छुँ, निर्वाण प्राप्त छुँ ।

अभयमाता धन्य भयो । कहाँ रूप-सौन्दर्यको काम पंकमा चुर्लुम्म डुवेको शरीर व्यवसायिनी र कहाँ भव-भवको बन्धनबाट मुक्त वीतरागको परम अवस्था प्राप्त अर्हत साधिका । वास्तवमा विपश्यना साधनाले यस कुरालाई हेरेको हुँदैन कि कसलाई तारूँ, कसलाई नतारूँ । जसले विपश्यना साधना गर्छ सो तर्छ । राजा होस् या रङ्क, पुरुष होस् या नारी, गणिका होस् या गृहिणी । धर्मको गङ्गाले कसैलाई भेदभाव गर्दैन ।

भगवान बुद्धको महापरिनिर्वाणको चार महिना पछि ५०० बुजुर्ग सन्तहरूले (अर्हतहरूले) जो तत्कालीन घटनाहरूको साक्षी थियो, भगवानको मात्र होइन अनेक अर्हत सन्तहरूको वाणी सङ्कलन गरेका थिए । जुन वाणी दुई-तीन सय वर्ष पश्चात अनेक छिमेकी देशहरूमा गयो । भारतमा सर्वथा लुप्त भैसकेपछि पनि ती देशहरूमा आफ्नो मौलिक रूपमा सुरक्षित रह्यो । ती त्रिपिटक साहित्यमा अभयमाताको उपरोक्त दुई उद्गारहरू संग्रहीत थिए । साथै अन्य उद्गारहरू पनि फेला परेकाछन् ।

अर्हत अवस्था प्राप्त गरेपछि अभयमातालाई अनेक सिद्धिहरू लाभ भयो । ती मध्ये 'पुब्बेनिवासानुसति' अभिज्ञानको सिद्धि एक हो । यसबाट उसले आफ्नो अनेक कल्प पहिलेको जन्म स्मरण गर्न सक्ने भयो । उसले सम्झ्यो कि अनेक कल्प पहिले तिस्स नामक बुद्ध भएको थियो । उसले एक दिन बुद्धलाई अत्यन्त श्रद्धा पूर्वक एक पन्यौ भात उनको भिक्षा पात्रमा दान दिएकी थिइन् । त्यही पुण्य कर्मको फल यति कल्याणकारी भयो कि जन्म जन्मान्तर पछि उसलाई विपश्यनाको अनमोल सम्पदा प्राप्त भएको छ । तिनले कुनै एक जन्ममा दुष्कर्म पनि गरेकी थिइन् जसको कारण गणिकाको दुषित जीवन जीउनु पऱ्यो तर त्यस दानको महान पुण्य कर्मको फलस्वरूप यस जीवनमा तिनलाई अभय जस्तो पुत्र प्राप्त भयो, जो स्वयं अर्हत अवस्था प्राप्त गरी उसको मुक्तिको लागि पनि सहायक हुन



Downloaded from http://www.dhamma.digital

पुग्यो। यही सच्चाई प्रकट गर्ने तिनको एक अर्को उद्‌गार उपरोक्त पुरातन साहित्यमा संकलित छ-

**सुदिन्नं मे दानवरं सुयिट्ठा यागसम्पदा ।**
**कटच्छु भिक्खं दत्वान पत्ताहं अचलं पदं ॥**

मैले राम्रो प्रकारले श्रद्धाविनीत भएर शुभ दान गरेकी थिएँ र यस सुयज्ञ सम्पदा प्राप्त गरें। उही एक चटनी भिक्षा दानले मलाई आज नित्य, ध्रुव, अचल अमृत पद प्राप्त भयो।

साच्चै नै दुष्कर्मको दुष्फल र सत्कर्मको सुफल ढीलो-चाँडो प्राप्त हुन्छ नै। अतः आउ साधकहरू ! दुष्कर्मबाट बचौं र सत्कर्ममा लागौं। यसैमा हाम्रो कल्याण छ।

(साभार:हिन्दी विपश्यना पत्रिका, चैत्र पूर्णिमा, १९९१) **कल्याण मित्र**
स.ना.गो.

# अभया भव-भयबाट मुक्त भइन्

यसै सिलसिलामा एक अर्को चित्र प्रस्तुत हुन आउँछ। अभयमाताको एक सहायिका नाम हो अभया। यस्तो लाग्छ कि उसको स्नेहसम्बन्ध एकदम घनिष्ट थियो र तिनी पनि अभयमातासंगै उज्जैनबाट राजगिरि आएकी थिइन् र प्रवजीत भएर भिक्षुणी संघमा सम्मिलित भएको थियो होला।

यो त प्रष्ट छैन कि यी महिला कोही गृहिणी थिइन् वा अभयमाताको देह ब्यापारमा साथ दिने कुनै गणिका। तिनलाई विपश्यना साधनाको अभ्यास गर्नको लागि राजगिरिको शीतवन नामक श्यमसानमा शव दर्शन गर्ने आदेश दिइएको थियो। यसबाट अनुमान गर्न सकिन्छ कि तिनी पनि उनको संगिनी सरह काम-वासनाको ग्रन्थिबाट पिडीत होलिन्। उनमा पनि शरीर प्रतिको आशक्ति त्यति नै थियो होला। संगतको गुण हुनु स्वाभाविकै हो। यस्ता व्यक्तिहरूको लागि शरीर प्रति घृणा र असुभ भाव जगाउनको लागि श्यमशानमा मृत शरीर निरीक्षण गर्नु लाभप्रद नै हुनेछ। शव दर्शनको आधारमा शरीरको दर्शन गरेपछि अनित्यवोधिनी विपश्यनाको अभ्यास सरल हुन जान्छ।

जब श्यमसानमा उसले एक फुलेको मृत शरीरलाई देख्यो तब तिनको मनमा गहिरो संवेग उत्पन्न भयो। यत्तिकैमा तिनले भगवानको कल्याणीवाणी सुन्यो। तिनलाई यस्तो लाग्यो कि भगवान उसको सामुन्ने उपस्थित भएर सम्झाइरहेको छ-

**अभये भिदुरो कायो, यत्थ सत्ता पुथुज्जना ।**

अभय, हेर यो शरीर कत्तिको भंगुर छ ! यसैमा पृथगजन आसक्त भइरहन्छ।

भगवानको वाणीले उसमा धर्मवल जाग्यो र विपश्यनामा दृढतापूर्वक लाग्यो र यो संकल्प गऱ्यो कि-

**निक्खिपिस्सामि' मं देहं सम्पजान सतीमती ।**

म स्मृति र संप्रज्ञानको साथ कायोत्सर्ग गर्छु।

आफ्नो अविरल पुरुषार्थको वलले ती योगिनीले छोटो समयमै अर्हत अवस्था प्राप्त गरिन्। मुक्तिको हर्षमा उदान वचन प्रकट गरिन्, जुन ती पुरातन साहित्यमा उपलब्ध छ।

तिनले पहिले उपरोक्त गाथा गाइन्। त्यसपछि आफ्नो विजयको उद्‌घोषण गरेर भनिन्-

**बहूहि दुक्खधम्मेहि, अप्पमादरताय मे ।**
**तण्हक्खयो अनुप्पत्तो कतं बुद्धस्स सासनं ॥**

धेरै दुःख कष्टहरू पार गर्दै स्मृति संप्रजन्यद्वारा अप्रमादी भएर मैले अन्ततः तृष्णा युक्त निर्वाणीक अवस्था प्राप्त गरें। यसप्रकार मैले भगवानको शासन अर्थात उहाँको शिक्षा पूरा गरें।

स्थविरी अभयाले पनि अन्य विमुक्त ब्यक्तिहरूले झैं पूर्व जन्मको स्मरण सिद्धि प्राप्त गरिन। आफ्नो पूर्व जन्महरू हेरेर भन्यो कि यो भद्र कल्पको ३१ कल्प पहिले अरूणा नगरमा म अरूण नरेशको राजमहिर्षी थिएँ। त्यस समय लोकमा भगवान शिखि बुद्ध उत्पन्न हुनु भएको थियो। मैले एक दिन सातवटा कमलका फूलहरूले उसको पाउ वंदना गरेकि थिएँ। ३१ कल्पसम्म देव-मनुष्य भवमा संसरण गर्दा गर्दै त्यस पुण्य फलको प्रतापले मलाई अब भगवान गौतम बुद्धबाट सतिपट्ठान विपश्यना विद्या मिल्यो। वोध्यंग जगाउने साधना मिल्यो र आफ्नो पराक्रम पुरुषार्थबाट मैले समस्त आस्रवहरू नास गरें। अब मेरो पुनर्जन्म छैन।

**नत्थिदानि पुनब्भवो ।**

अभया भववंधन मुक्त भइन्। धन्य भइन्। नगरशोभिनी पद्मावतीको संगतले तिनले कुनै समय गलत जीवन विताएको भएतापनि उसैको संगतको कारण र आफ्नो पूर्व कर्मको कारण शुद्ध धर्मको मुक्तिदायिनी विद्या प्राप्त भयो। जसबाट उसले नितांत दुःख विमुक्त अवस्था, वीतराग अवस्था प्राप्त गरे र मानव जीवन सफल बनाइ छाड्यो।

यस्तो माङ्गलिक सफलता सबैलाई मिलोस् !

**कल्याण मित्र**
स.ना.गो.

## धर्मश्रृङ्गमा आगामी महिनाहरूमा सञ्चालन हुने शिविर कार्यक्रमः

१) निम्न कार्यक्रमहरू मध्ये आफूलाई अनुकूल शिविरमा सम्मिलित हुनु पूर्व कृपया आचार संहिता पढ्नुहोस्। कम से कम दुई हप्ता अगाडि आवेदन-पत्र भरेर व्यवस्थापनमा सम्पर्क राख्नुहोस्।

२) शिविरको प्रारम्भ शुरुदिनको साँझ हुनेछ र समाप्त अन्तिम दिनको विहान करीव सात बजे हुनेछ। शिविरार्थीहरूलाई अनुरोध छ कि शिविर शुरू हुने दिनमा नै शिविर स्थलमा आउनु होला, त्यसभन्दा आगाडिको वा पछाडिको दिनमा होइन।

३) शिविरमा आउँदा साथमा टर्च, तन्ना, ओड्ने (सल) तथा मौसम अनुकूलको लुगा र दैनिक उपयोगका सामानहरू ल्याउन नभूल्नु होला।

४) शिविरको सञ्चालन पूज्य गुरुजीद्वारा मनोनित सहायक आचार्यबाट हुनेछ।



Downloaded from http://www.dhamma.digital

५) बाल शिविर : बाल शिविरमा सम्मिलित हुनुको लागि आवेदन पत्र भर्नु पर्नेछ । तोकिएको वर्ष भित्रका बालबालिकाहरूलाई मात्र शिविरमा सामेल गराउने भएकोले सो-अनुसार आवेदन गर्न अभिभावहरूमा अनुरोध छ ।

- व्यववस्थापन कार्य सरल बनाउने अभिप्रायले प्रत्येक शिविरमा सयजना शिविरार्थी मात्र सम्मिलित गराइने छ । तसर्थ समयमा नै आवेदन गर्नु होला ।
- बाल बालिकाको इच्छा भएमा मात्र आवेदन गर्नको लागि उनीहरूलाई प्रोत्साहित गर्नु होला ।
- शिविरमा आफ्ना बाल-बालिकाको साथ कोही पनि अभिभावक बस्न पाउनु हुनेछैन ।

६) सतिपट्ठान शिविर : यस शिविरमा पूज्य गुरुजी वा सहायक आचार्यसंग कम से कम तीन वटा शिविर लिइसकेका साधकहरूले मात्र भागलिन पाउने छन् । यसका साथै विगत एक वर्षदेखि नियमित रूपमा दैनिक अभ्यास गरेको हुनु पर्छ ।

| | | | |
|---|---|---|---|
| १) | अगस्त १५ - २२ (श्रावण ३१ - भाद्र ६) | - | सतिपट्ठान (पुरानो साधक) |
| २) | अगस्त १४ - २५ (श्रावण ३० - भाद्र ९) | - | १० दिवसीय |
| ३) | अगस्त २७ - ३० (भाद्र ११ - १४) | - | बाल शिविर (८-११ वर्ष) |
| ४) | सेप्टेम्वर १ - १२ (भाद्र १६ - २७) | - | १० दिवसीय |
| ५) | सेप्टेम्वर १४ - २५ (भाद्र २९ - आश्विन ९) | - | १० दिवसीय |
| ६) | सेप्टेम्वर २६ - ३० (आश्विन १० - १४) | - | ३ दिवसीय (पुराना साधकका लागि मात्र) |

## धर्म गाथा

### हिन्दी

वन्धन ही वन्धन बँधे, जब तक देहाध्यास् ।
दर्शन मत की मान्यता, तोडे ना भव-पाश ॥
मैं मेरे का त्यागकर, करे न कायोत्सर्ग ।
कर्मों के वन्धन बँधे, दूर स्वर्ग अपवर्ग ॥
जगे देह तादात्म्य तो, जगे अमिट अनुराग ।
काम-पंक में कीट सा, लिपटा रहे अभाग ॥
कामभोग के कीच में, कामकीट हरखाय ।
भव भव भटकत ही रहे, वन्धन छुट न पाय ॥
करे बात तो मुक्ति की, रहे देह से प्रीत ।
छुटे न मन की वासना, यह न मुक्ति की रीत ॥
देख देह की गंदगी, छुटे देह का नेह ।
हो अनित्य का बोध जब, होवे सहज विदेह ॥

मंगल कामना सहित
**श्री मदनकृष्ण कायस्थ**
रोडहाउस क्याफे, ठमेल
फोन नं. २२९१८७

### हिन्दी

सदाचरण ही धर्म है, दुराचरण ही पाप ।
सदाचरण सुख ही जगे, दुराचरण दु:ख ताप ॥
शील धरम की नींव है, ध्यान धरम की भींत ।
प्रज्ञा छत है धरम की, मङ्गल भवन पुनीत ॥
मङ्गलकारी धर्म का, ऐसा प्रबल प्रभाव ।
सुखे सरिता दु:ख की, सुखका बहे बहाव ॥
जहाँ धरम की चेतना सतत तरंगित होय ।
वहाँ मनुज की मुक्ति का, पंथ प्रकाशित होय ॥
धरम रतन सा जगत में, और रतन ना कोय ।
दु:ख दैन्य सारे मिटें, सव विधि मङ्गल होय् ॥
दान सुखोंका मूल है, करे परिग्रह दूर ।
हल्का फुल्का चित्त रहे, मङ्गल से भरपूर ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
वीरगञ्ज ।

*प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५ *२०५३ श्रावण*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १३३, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८
*मुद्रक :* नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, नेपाल । फोन : २२१० ३२, फ्याक्स : (±९७७-१) २२५ ४५०

जि.प्र.का.द.नं. ३८÷५१÷५२
हुलाक द. नं. १४÷५१÷५२
● वार्षिक शुल्क रू. २४÷-

साधकको नाम : ..................................
ठेगाना : ..................................
..................................
..................................



Downloaded from http://www.dhamma.digital